आज मिति २०७७ साल पौष १४ गते दिनको २:०० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

## उपस्थिति

| क्र.सं | दस्तखत | नाम थर | | पद |
|---|---|---|---|---|
| १. | | श्री: धीरज शर्मा बस्याल | प्रमुख | प्रमुख |
| २. | | श्री: मायादेवी पौडेल | उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री: मोतिलाल सुनार | वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्री: दया दर्लामी | वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने | वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्री: रविन्द्रविक्रम हमाल | वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्री: रेश्मीराज भट्टराई | वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्री: रोहीत थारु | वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्री: ध्रुव थारु | वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री: कविराज आचार्य | वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री: चन्द्रकान्त चापागाई | वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्री: राजु मिश्र | वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्री: तीर्थराज फौज्दार | वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्री: मानबहादुर मल्ल | वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १५. | | श्री: नर बहादुर चौधरी | वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री | वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्री: बलबहादुर बलाल | वडाध्यक्ष, वडा नं. १५ | सदस्य |

| | | | |
|---|---|---|---|
| १८. | | श्रीः सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्रीः ईशा सुनार | सदस्य |
| २०. | | श्रीः अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्रीः बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्रीः प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्रीः वेचन प्रसाद ठाकुर (हजाम) | सदस्य |
| २५. | | श्रीः लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्रीः लुकुडी चमार | सदस्य |
| २७. | | श्रीः मेघ नाथ पाध्या प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | | व्यवस्थापन टोली | |
| २८. | | श्री इन्द्र वहादुर कुँवर | उपसचिव (प्रा) |
| २९. | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| ३०. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३१. | | श्री माधव ज्ञवाली | स्वास्थ्य शाखा प्रमुख |
| ३२. | | श्री गोपाल चौधरी | सूचना प्रविधि अधिकृत |
| ३३ | | श्री जंग मल्ल | रोजगार संयोजक |

निर्णयहरूः

नि.नं १ः

बर्दघाट नगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ मस्यौदा उपर थप छलफलको लागि विधेयक समितिमा पेश गर्ने निर्णय गरियो ।

नि.नं २ः

राष्ट्रिय योजना आयोगबाट मिति ०७७/०८/२८ मा प्रकाशित सूचना अनुसार समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ र संसोधन कार्यविधि, २०७६ तथा विषेश अनुदान सम्बन्धी कार्यविधि, २०७५ र सँसोधन कार्यविधि, २०७६ बमोजिम आगामी आर्थिक वर्ष २०७८/०७९ मा सञ्चालन गरिने योजनाहरूको विवरण सबै स्थानीय तहबाट प्रस्ताव सहित पठाउनु पर्ने भएको हुँदा यस नगरपालिकाको लागि तपसिलमा उल्लेखित योजनाहरूमा प्राथमिकताका आधारमा समपुरक तथा विशेष अनुदान माग गर्ने निर्णय गरियो ।

तपसिलः

(क) विशेष अनुदान माग गरिएको योजना

| सि.नं | योजनाको नाम र सञ्चालन स्थल | अनुमानित लागत | कैफियत |
|---|---|---|---|
| १ | सेनेटरी ल्याण्ड फिल साइट निर्माण, बर्दघाट ४ | ५,००,००,०००।०० | |
| २ | | | |

ख) समपुरक अनुदान माग गरिएका योजना

| सि.नं | योजनाको नाम र सञ्चालन स्थल | अनुमानित लागत | कैफियत |
|---|---|---|---|
| १ | गँगाबस्ती विजयनगर धर्मबस्तीबाट (राउत रामु के.सी.को घर हुँदै) पुष्पलाल चोक सरस्वती मा.वि. हुँदै वडा नं १६ को कार्यालय हुँदै वरूवा सडक जोड्ने सडक कालोपत्रे , बर्दघाट १४ र १६ | ४,५८,०३,३२१।२० | |
| २ | वडा नं. १३ जयन्ती विद्यालयको पश्चिमको बाटो हुँदै जमुनिया बजार सपहिया हुदुँ गंगावस्ती चोक सम्म कालोपत्रे गर्ने कार्य (वडा १२, १३, १४) | ३,८९,१६,२१८।७२ | |
| ३ | वडा नं. १२ दविला वुद्ध मंगल ताल पश्चिम हुँदै दविल्ला गाँउ हुँदै बडकी भटवलीया सडक कालोपत्रे गर्ने कार्य | ४,१४,६९,१०८।३७ | |
| ४ | वडा नं १५ को कार्यालय देखी पोटाहा, नौडिहवा हुँदै नहर पारि सुस्ता र प्रतापपुरको सिमाना सम्मको सडक कालोपत्रे गर्ने कार्य | ३,५९,४७,०१२।२५ | |
| ५ | चिसापानी मझौनी सडकको गैडहवाबाट भगजोगनी, भानुनगर, सुर्यपुरा हुँदै सरावल सिमाना सम्म सडक निर्माण | ४,१८,०५,४२८।०० | |
| ६ | भटौलिया, जहदा, लेवडा मझौनी हुँदै प्रतापपुर सरावल गा.पा.को सिमाना सम्मको दुवै तर्फ नाला फुटपाथ सहित सडक निर्माण | ८,८४,८६,६५६।८३ | |
| ७ | बडा नं ८ र ९ को सिमानाको सडक कालोपत्रे ( सरावल गाँउपालिका जोड्ने) | ८०,०४,४७६।०२ | |

नि.नं ३ः सडक वोर्ड नेपालको तर्फबाट यस कार्यालयलाई चालु आ.व.को लागि रू ३५,००,०००।०० अख्तियारी प्राप्त भएकोमा उक्त बजेट मध्येबाट यस नगरपालिकाको समेत ३० प्रतिशत साझेदारी हुने गरी रू

१५,००,०००।०० समेत जम्मा रू ५०,००,०००।०० मध्येबाट सम्पन्न गर्ने गरी तपसिल बमोजिमको योजना प्रस्ताव गरी छनौटको लागि सिफारिस गर्ने निर्णय गरियो ।

| सि.नं | योजनाको नाम र सञ्चालन स्थल | सडक वोर्डले ब्यहोर्ने रकम | नगरपालिकाबाट समपुरक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | लोकमार्ग देखी दिव्यनगर जाने कालोपत्रे बाटो मर्मत | | | | |
| २ | अमरदिप टोल आम्वास जाने कालोपत्रे बाटो मर्मत | | | | |
| ३ | त्रिवेणी सडक देखी नवजीवन हुँदै जाने कालोपत्रे बाटो मर्मत | | | | |
| ४ | लोकमार्ग देखी अलावल जाने कालोपत्रे बाटो मर्मत | | | | |
| ५ | वडा नं ६ को विद्युत देखी पश्चिम जाने कालोपत्रे बाटो मर्मत | | | | |
| ६ | कुसुमचोक देखी पानी टंकी हुँदै धनेवा खोला पारि सम्म बाटो मर्मत | | | | |
| ७ | गँगाबस्ती चोक चौपत्ता देखी १४ नं वडा कार्यालय | | | | |
| ८ | वेलहानी चोक देखी वगिया चोक सम्म बाटो मर्मत , वडा नं ७ | | | | |

नि.नं ४ः भूमिहिन, दलित, भूमिहिन सुकुम्वासी र अन्यबस्थित बसोवासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ एवं सुकुम्वासी समस्या सामाधान आयोग र यस नगरपालिका विच भएको सम्झौता बमोजिम भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अन्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणिकरण तथा नाम नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न यस नगर स्तरमा देहायबमोजिमको भूमि सम्बन्धी समस्या सामाधान सहजिकरण समिति गठन गर्ने र वडास्तरिय भूमि सम्बन्धी समस्या सामाधान सहजिकरण समिति गठनको लागि भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेका संघ संस्था वा नागरिक समाजका कम्तिमा १ जना महिला सहित दूई जना प्रतिनीधि यथाशिघ्र सिफारिस गरी पठाउने निर्णय गरियो ।

तपसिलः

(क) नगर प्रमुख – संयोजक

(ख) उपप्रमुखुख– उपसंयोजक

(ग) नेकपाको को तर्फबाट पार्टी प्रमुख वा निजले तोकेको प्रतिनीधि – सदस्य

(घ) नपाली काँग्रेशको तर्फबाट पार्टी प्रमुख वा निजले तोकेको प्रतिनीधि– सदस्य

(ङ) रा.प्र.पा. को तर्फबाट पार्टी प्रमुख वा निजले तोकेको प्रतिनीधि – सदस्य

(च) समाजवादी पाटी नेपालको तर्फबाट पार्टी प्रमुख वा निजले तोकेको प्रतिनीधि – सदस्य

(छ) कार्यपालिका महिला सदस्य श्री अम्बिका देवी उपाध्याय– सदस्य

(ज) कार्यपालिका दलित महिला सदस्य श्री.इशा सुनार – सदस्य

(झ) भूमि, आवास लगायतका क्षेत्रमा काम गरिरहेका संघ संस्था, संगठन वा नागरिक समाजका प्रतिनीधिको तर्फबाट श्री...................... – सदस्य

(ञ) भूमि, आवास लगायतका क्षेत्रमा काम गरिरहेका संघ संस्था, संगठन वा नागरिक समाजका प्रतिनीधिको तर्फबाट श्री ........– सदस्य

(ट) प्रमुख प्रशासकिय अधिकृत – सदस्य सचिव

नि.नं ५ः

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार मातृभाषा/स्थानीय विषयलाई पाठ्यक्रममा समावेश गरेकोले बर्दघाट नगरपालिकामा स्थानीय विषयको पाठ्यक्रम तयार गरी सबै विद्यालयमा कार्यान्वयन गर्ने प्रयोजनको लागि गत आ.व. ०७६/०७७ मा स्थानीय विषयको पाठ्यक्रम निर्माणको लागि कार्यक्रम तथा बजेटको ब्यवस्था गरिएको र स्थानीय विषयबस्तुलाई समावेश गरी पाठ्यक्रम विकास केन्द्रले तयार गरेको स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ को आधारमा स्थानीय विषयको पाठ्यक्रम मस्यौदा तयार गरी सम्बन्धित सरोकारवालाहरू तथा यस बैठकमा समेत प्रस्तुती र छलफल गरी प्राप्त सुझावहरूलाई समेत समावेश गरी तयार गरिएको **"हाम्रो बर्दघाटः स्थानीय विषयको पाठ्यक्रम"** अन्तिम मस्यौदा २०७७ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं ६ः

यस नगरपालिकाभित्र शैक्षिक सत्र, २०७७ मा नयाँ विद्यालय सञ्चालन तथा कक्षा थपको लागि आवेदन दिने तपसिलका शैक्षिक संस्थाहरूलाई नगर शिक्षा समितिको मिति ०७७/०७/२६ को बैठकबाट नपुग कागजातहरू माग गर्ने र कागजातहरू प्राप्त भएका शैक्षिक संस्थाहरूलाई देहायबमोजिमको तह तथा कक्षा थपका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने निर्णय भएकोले कागजात प्राप्त भएका तपसिल बमोजिमका शैक्षिक संस्थालाई विद्यालय सञ्चालन तथा थप कक्षा सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | शैक्षिक संस्थाको नाम | अनुमति माग गरेको | कैफियत |
|---|---|---|---|
| १ | स्टेप बाई स्टेप एकेडेमी | कक्षा –२ | |
| २ | मदर्श प्राइड मन्टेश्वरी एण्ड चाइल्ड केयर | प्रि– प्राइमरी | |
| ३ | मदरसा अनवारूल ओलुम, बर्दघाट–१६ | कक्षा –१ | |
| ४ | किड्स हेभन मन्टेश्वरी | प्रि– प्राइमरी | |
| ५ | मदरसा अरयिबा मदारूल ओलुम, बर्दघाट–१३, जमुनावारी | कक्षा –३ | |

नि.नं ७ः

यस नगरपालिकाको वडा नं १४, १६ र ५ मा पर्ने खजुरा खोला, वडा नं २ को गँगटी खोला र वडा नं २ र १० मा पर्ने आम्वास खोला समेतका खोला क्षेत्रहरूबाट ढुंगा, वालुवा र गिट्टी संकलन तथा बिक्री वितरण र निकासीको अनुमती दिनु पूर्व प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने सन्दर्भमा परामर्शदाता संस्था इञ्जिनियरिङ्ग सर्भिसेज एण्ड डिजास्टर रिष्क मेनेजमेन्ट कन्सल्ट प्रा.लि बाट तयार भै प्राविधिक समितिबाट प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन को अन्तिम मस्यौदा स्वीकृतीको लागि यस बैठक समक्ष पेश भएका ३ वटै खोलाहरूको प्रतिवेदन बर्दघाट नगरपालिका संक्षिप्त बातावरणीय अध्ययन तथा प्रारम्भिक बातावरणीय परिक्षण कार्यविधि, २०७७ को दफा ७ को उपदफा ४ बमोजिम स्वीकृत गर्ने र वडा नं २ र १० मा पर्ने सुखौरा खोलाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने कार्य अगाडी बढाउने निर्णय गरियो ।

नि.नं ८ः

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत प्राप्त हुने नियमित अनुदान तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना कार्यान्वयन गर्न प्राप्त हुने शसर्त अनुदान तर्फबाट सम्बन्धित वडा कार्यालयहरूबाट सिफारिस भै आएका देहायबमोजिमको योजना सूचि प्राप्त भएकोले सोको आधारमा नियमानुसार स्वीकृत हुन योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | योजनाको नाम | योजना स्थल | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | खानेपानी पाइप विस्तार | वडा नं १ | | |
| २ | सिंचाई कूलो निर्माण | वडा नं १ | | |
| ३ | वाल्मिकी मा.वि.मर्मत | वडा नं १ | | |
| ४ | वडा कार्यालय भवन मर्मत | वडा नं २ | | |
| ५ | चौपारी निर्माण | वडा नं ३ | | |
| ६ | त्रिवेणी रोडबाट पूर्व तर्फ सिमसार क्षेत्र निर्माण | वडा नं ४ | | |
| ७ | वण्डाखोला पञ्चेश्वर मन्दिर सरसफाई | वडा नं ५ | | |
| ८ | पाल्डांडा जोगेश्वरको घरदेखी चौपत्ता कला सम्म नाला निर्माण | वडा नं ५ | | |
| ९ | प्रेमचोक देखी टिकामाया चालिसेको घर सम्म नाला सफाई जीतपुर | वडा नं ५ | | |
| १० | कञ्चनगढी मन्दिर सरसफाई | वडा नं ५ | | |
| ११ | माकर स्वास्थ्य चौकी सरसफाई | वडा नं ५ | | |
| १२ | जीतपुर विद्यालय सरसफाई | वडा नं ५ | | |
| १३ | गाँउ, सार्वजनिक पोखरी, शिब मन्दिर र वडा कार्यालय र हाल निर्माण भैरहेको स्वास्थ्य कार्यालय वाल सहित संरक्षण | वडा नं ६ | | |
| १४ | वडाभरी नाला सरसफाई | वडा नं ६ | | |
| १५ | सार्वजनिक कृषि कूलो सरसफाई | वडा नं ६ | | |
| १६ | पुरानो गाँउको नाला निर्माण गर्ने | वडा नं ७ | | |
| १७ | सिंचाई नाला सरसफाई कार्यक्रम, भानुनगर पश्चिम वडा नं ८ को सूर्यपुरा कृषि प्लट सम्म | वडा नं ८ | | |
| १८ | वडा नं ८ को दाँया वाँया बाटोको नाला सरसफाई | वडा नं ८ | | |
| १९ | वडा नं ९ को दाँया वाँया नाला सरसफाई | वडा नं ९ | | |
| २० | वडा कार्यालय वरिपरीको जमिन संरक्षण तथा सरसफाई | वडा नं ९ | | |
| २१ | भीम प्रसाद अधिकारीको घरदेखी पूर्व खोला सम्मको नाला सरसफाई कार्यक्रम | वडा नं १० | | |
| २२ | हिरौटेघोला र भूताहाखोला सम्मको  बिचको भागमा बाटो मर्मत सम्हार गर्ने | वडा नं १० | | |
| २३ | बुटाहा केरावारी जाने बाटो निर्माण गर्ने | वडा नं ११ | | |
| २४ | जहदा मनरी खानेपानी संस्था अन्तरगतको अधुरो पाइप लाइन विस्तार कार्यक्रम | वडा नं १२ | | |
| २५ | जहदा मनरी खानेपानी योजनामा खानेपानी पाइप विच्छाउने कार्यक्रम | वडा नं १३ | | |
| २६ | वुद्दवस्ती पार्क निर्माण | वडा नं १४ | | |

| | | | | |
|---|---|---|---|---|
| २७ | गंगाबस्ती देखी धर्मबस्ती जाने बाटोमा नयाँ ट्र्याक खोल्ने | वडा नं १४ | | |
| २८ | वडा नं १६ को सिमानादेखी निर्माणाधिन स्वास्थ्य चौकी हुँदै झोलुङ्गे पुल जाने बाटोमा नयाँ ट्र्याक खोल्ने | वडा नं १४ | | |
| २९ | नारायण चोक बाटोमा नाली निर्माण | वडा नं १४ | | |
| ३० | पृथ्वीबस्ती खानेपानी विस्तार कार्यमा नाली खनी पाइप विछ्याउने | वडा नं १५ | | |
| ३१ | खजुरी खोला देखी सुस्ताको सिमाना बरूवा सम्म दुवै तर्फ सडकको नाला सफा गर्ने | वडा नं १६ | | |
| ३२ | वडामा अवस्थित बनदेवी मन्दिर सरसफाई गर्ने | वडा नं १६ | | |
| ३३ | वडा कार्यालय परिसर सरसफाई गर्ने | वडा नं १६ | | |

निर्णय नं ९ः

यस नगरपालिका अन्तरगत रहेका विभिन्न वडा कार्यालय निर्माणको लागि बजेट विनियोजन भएकोमा उक्त बजेट कार्यान्वयनको लागि वडा कार्यालय निर्माण गर्ने जग्गाको विस्तृत विवरण सम्बन्धित वडा कार्यालय मार्फत पेश गरी योजना कार्यान्वयन प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं १०

वडा नं ४ को कार्याल्य र  घण्टाघर निर्माणको लागि आवश्यक बजेट विनियोजन भएको सन्दर्भमा वनियोजन भएको सन्दर्भमा उक्त संरचना निर्माण स्थलको एकिन गर्ने सन्दर्भमा  वडा नं ४ स्थित ५ कुने चोक उपयूक्त रहेको हुँदा सोही स्थानमा दुवै संरचना निर्माण  प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नंः १०

यस नगरपालिका वडा नं १२ चौपत्तामा निर्माणाधिन अवस्थामा रहेको श्री रामजानकी दिब्य धाम परिसर भित्र भू.पू. सैनिक सभाहल लगायतका अन्य संरचना निर्माण गर्न भारतीय दुतावास संग आवश्यक बजेट सहयोग मागको लागि सम्बन्धित संस्था तथा वडा कार्यालयबाट निवेदन पेश भएकोले उक्त संरचना निर्माण गर्न आवश्यक बजेट मागको निर्णयको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा परराष्ट्र मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ११ः

चालु आ.व.मा प्रकोप ब्यवस्थापन कोष तर्फ रू ५०,००,०००।०० विनियोजन भएकोमा हाल सम्म उक्त कोषबाट भएको खर्च रू १५,७०,९६६।०० र कोभिड ब्यवस्थापन कोष तर्फ रू १,५०,००,०००।०० विनियोजन भएकोमा उक्त कोषबाट भएको खर्च रू ५३,२८,६७१।६ अनुमोदन गर्ने र दैवि प्रकोप उद्दार समितिबाट भएका निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

नि.नं १२ः

यस बर्दघाट नगरपालिकामा सूचिकृत मेलमिलापकर्ताहरूको नामावली अद्यावधिक तथा मेलमिलाप कर्ताको सूचि नविकरण गर्ने प्रयोजनको लागि कार्यालयबाट प्रकाशित सूचनाबमोजिम सूचिकृत भएका ६२ जना मेलमिलापकर्ताको सूचि अनुमोदन गर्ने निर्णय गरियो ।